# *चीरहरण* उपन्यासको लैङ्गिक अध्ययन

सुजनी तामाङ
परीक्षा क्रमाङ्क : ७२२८१०८/०७५
त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-०२६३-०१३६-२०१२

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत
स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको
प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शिक्षाशास्त्र केन्द्रीय विभाग
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर, काठमाडौँ

२०७६/२०१९

## प्रतिबद्धता पत्र

*चीरहरण* उपन्यासको लैङ्गिक अध्ययन शीर्षकमा शोधपत्र तयार पार्दा प्रयोग उपयोगमा ल्याएका शोध प्रतिवेदनभित्रका सामग्रीहरू नितान्त मौलिक हुन् । प्रस्तुत शोधपत्रमा आवश्यकताअनुसार स्रोत खुलाएर वाक्यांश तथा वाक्यहरू साभार गरिएको छ । यस शोधपत्रका अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । अतः यो शोधपत्र नितान्त मौलिक भएको प्रतिवद्धता व्यक्त गर्दछु ।

.......................

शोधार्थी

सुजनी तामाङ

मिति : २०७६/१/

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सत्रको छात्रा सुजनी तामाङले '*चीरहरण* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकको शोधपत्र मेरो निर्देशनमा रहेर तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

................................

उपप्रा.डा. राजेन्द्र खनाल

शोधनिर्देशक

मिति : २०७६/१/

May, 2019

शिक्षाशास्त्र केन्द्रीय विभाग

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको आवश्यकता पूर्तिका लागि छात्रा सुजनी तामाङद्वारा '*चीरहरण* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ......................... |
| २. | (शोधविशेषज्ञ) | ......................... |
| ३. | उपप्रा.डा. राजेन्द्र खनाल (शोधनिर्देशक) | ......................... |

मिति : २०७६/१/

May, 2019

# कृतज्ञता ज्ञापन

प्रस्तुत 'चीरहरण उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकको त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । यस शोधपत्रले लैङ्गिक अध्ययनको क्षेत्रमा जिज्ञासा राख्ने सबैमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । प्रस्तु शोधपत्र निर्देशक श्रद्धेय गुरु डा. राजेन्द्र खनालज्यूको निर्देशनमा तयार पारिएको हो । यस शोधकार्यलाई सफलतापूर्वक सम्पन्न गर्न शोधको प्रस्ताव लेखनदेखि अन्तिम स्वरूप दिने समयसम्म निरन्तर रूपमा आफ्नो कार्य व्यस्तताका बाबजुद पनि अमूल्य समय प्रदान गरेर अतुलनीय योगदान प्रदान गर्नुहुने शोधनिर्देशक डा. राजेन्द्र खनालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै शोधकार्यको सन्दर्भमा आवश्यक सल्लाह सुझाव प्रदान गरी सहयोग पुऱ्याउनुहुने नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराईज्यू लगायत विभागका सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

मेरो जीवनको हरेक पाइलामा मार्गदर्शन, हौसला र प्रेरणा दिनुहुने तथा शिक्षा नै मानिसको जीवनको सर्वोपरि हो भन्ने अर्तीउपदेश दिँदै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मलाई उच्च शिक्षाको विशिष्ट स्तरसम्म पुऱ्यउनु हुने मेरा पूजनीय पिता मानबहादुर तामाङ र माता विविमाया तामाङप्रति सदा ऋणी छु । त्यस्तै मेरो अध्ययनलाई अगाडि बढाउन साथ सहयोग र हौसला प्रदान गर्नुहुने मेरा आदरणीय दाजुहरू, भाउजुहरू, दिदी, भिनाजुहरू तथा सपरिवारलाई मेरो सफलताको श्रेय जान्छ । त्यसैगरी प्रस्तुत शोधपत्र लेखनका क्रममा आइपरेका समस्याहरूको समाधानका लागि आवश्यक सल्लाह, सुझाव र सहयोग गर्नुहुने मेरा आत्मीय मित्रहरूलाई धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्रलाई पूर्णता दिन आवश्यक सहयोग पुऱ्याउने उपन्यासका लेखिका नीलम कार्की निहारिकाप्रति आभारी छु । साथै आवश्यक सामग्री उपलब्ध गराएर सहयोग पुऱ्याउने त्रि.वि. केन्द्रीय पुस्तकालय, सी.आर.सी. पुस्तकालय र नेपाली भाषा शिक्षा विभागको विभागीय पुस्तकालयप्रति कृतज्ञ छु ।

अन्त्यमा प्रस्तुत शोधपत्रलाई टाइप र सेटिङ जस्ता प्राविधिक कार्यमा छिटो, छरितोका साथ सहयोग पुऱ्याउनु हुने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका आदरणीय दाजु जितेन महर्जनलाई विशेष धन्यवाद प्रकट गर्दछु ।

**सुजनी तामाङ**

शोधार्थी

# शोधसार

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, चौथो सेमेस्टरको नेपा.शि. ५४४ को प्रयोजनार्थ प्रस्तुत शोधपत्र तयार पारिएको हो । प्रस्तुत अध्ययनका 'चीरहरण' उपन्यासमा लैङ्गिक अवस्थाको पहिचान गर्नु, चीरहरण उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु र लैङ्गिक दृष्टिले चीरहरण उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु जस्ता उद्देश्यहरू रहेका छन् ।

प्रस्तुत शोधकार्यमा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ । यसका लागि प्राथमिक स्रोतका रूपमा नीलम कार्की निहारिकाद्वारा लिखित चीरहरण उपन्यासलाई लिइएको छ । उक्त उपन्यासलाई साङ्ग्रिला पुस्तक प्रा.लि.ले प्रकाशित गरिएको छ । त्यसैगरी लैङ्गिक अध्ययनसँग सम्बन्धित पाठ्यपुस्तक, शोध प्रतिवेदन, पत्रपत्रिका प्रकाशित लेखरचना, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिवेदन र विद्वान् विशेषज्ञ तथा शोध निर्देशकको राय सुझाव तथा परामर्शलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ । सात अध्यायमा संरचित प्रस्तुत शोधपत्रको अध्याय एकमा शोधपरिचय, अध्याय दुईमा सैद्धान्तिक प्रारूप र पूर्वकार्यको पुनरावलोकन, अध्याय तिनमा शोधविधि र प्रक्रिया, अध्याय चारमा चीरहरण उपन्यासमा प्रयुक्त लैङ्गिक अवस्था, अध्याय पाँचमा चीरहरण उपन्यासमा प्रयुक्त लैङ्गिक चेतना, अध्याय छमा लैङ्गिक दृष्टिले चीरहरण उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन र अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ । प्रस्तुत शोधकार्यलाई उपन्यासमा प्रयुक्त लैङ्गिक अवस्थाको पहिचान, लैङ्गिक चेतनाको विश्लेषण र लैङ्गिक दृष्टिले चीरहरण उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कनमा सीमित गरिएको छ ।

चीरहरण उपन्यास महाभारतको विषयवस्तुलाई आधार बनाई लेखिएको छ । यो नारीवादी चेतना भएको उत्कृष्ट उपन्यास हो । यस उपन्यासमा पुरुषप्रधान समाजमा पुरुषले महिलामाथि गरेको दुर्व्यवहार, अन्याय, अत्याचार, विभेद, दमन, शोषण, पितृसत्तात्मक मानसिकता, नारीमाथिको कुसंस्कार आदिलाई प्रस्तुत गरिएको छ । चीरहरण उपन्यासमा नारी दमनको विरोध र नारी दमन विरुद्धको प्रतिशोधको भावनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासलाई महाभारतको कथाभित्र पसेर द्वापरयुगसँग वर्तमान समयलाई दाँजेर लेखिएको छ । यस आधारमा हेर्दा त्यहाँका अधिकांश पात्रहरू पितृसत्तात्मक सोचले ग्रसित

भएको पाइन्छ । लैङ्गिक दृष्टिकोणले महिला र पुरुषलाई फरक फरक तवरले हेरिएको छ । पितृसत्तात्मक सोच र नारीप्रतिको कुदृष्टिलाई प्रतिकार गर्दै नारी अस्मिता र अस्तित्वको खोजी नारी स्वयम् आफैँले  गर्नुपर्ने नारी चेतना प्रस्तुत उपन्यासमा पाइन्छ । महिला सशक्तीकरणका दृष्टिकोणबाट हेर्दा पुरुषको तुलनामा महिलाहरू बढी निस्क्रिय र कमजोर भएको पाइन्छ । सामाजिक हक अधिकारका दृष्टिले असमान जीवन बाँचिरहेका महिलाहरूलाई सशक्तीकरणका माध्यमबाट मूलधारमा ल्याउन आवश्यक छ भन्ने विचार उपन्यासमा पाइन्छ । भाषिक प्रयोगको दृष्टिकोणले  हेर्दा चीरहरण उपन्यासमा राजकीय भाषाको प्रयोग गरिएको छ । महाभारतकालीन समयमा पुरुषवादी समाजले महिलामाथि गरेको सामन्ती व्यवहारलाई वर्तमान समयमा समाजले महिलामाथि गरेको सामन्ती व्यवहारसँग दाँजेर उतार्न प्रस्तुत उपन्यास सफल रहेको छ । साथै महिलाहरूको अस्मिता, अस्तित्व, स्वतन्त्रता, आत्मनिर्भरता र सभ्य समाज निर्माणका लागि स्वयम् नारी आफैँ सङ्घर्षशील हुनुपर्छ भन्ने नारी चेतनामूलक सन्देश दिइएको छ ।

# विषयसूची

पृष्ठ

अध्याय एक

शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | शोधकार्यको उद्देश्य | ४ |
| १.४ | शोधको सान्दर्भिकता र उपादेयता | ४ |
| १.५ | शोधकार्यको सीमा | ६ |
| १.६ | शोधपत्रको रूपरेखा | ७ |


अध्याय दुई

पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारुप


| | | |
|---|---|---|
| २.१ | पूर्वकार्यको पुनरावलोकन | ८ |
| | २.१.१ सम्बद्ध पुस्तकको पुनरावलोकन | ९ |
| | २.१.२ सम्बद्ध शोधपत्रको पुनरावलोकन | १२ |
| २.२ | लैङ्गिक अध्ययनको सैद्धान्तिक प्रारूप | २१ |
| | २.२.१ लैङ्गिकताको परिचय | २२ |
| | २.२.२ प्राकृतिक लिङ्ग (सेक्स) | २३ |
| | २.२.३ सामाजिक लिङ्ग (जेन्डर) | २५ |
| | २.२.४ लैङ्गिकताको परिभाषा | २८ |
| | २.२.५ लैङ्गिक अध्ययनको क्षेत्र | २९ |
| | २.२.६ लैङ्गिक अध्ययनका आधारभूत मान्यताहरू | ३० |
| | २.२.७ लैङ्गिकताका विशेषताहरू | ३१ |
| | २.२.८ लैङ्गिक भूमिका | ३१ |
| | २.२.८.१ उत्पादक भूमिका | ३२ |
| | २.२.८.२ पुनरुत्पादक भूमिका | ३२ |
| | २.२.८.३ सामुदायिक भूमिका | ३३ |
| | २.२.९ पितृ सत्ता | ३३ |
| | २.२.१० लैङ्गिक चेतना | ३४ |
| | २.२.११ लैङ्गिक समानता र समता | ३५ |

२.२.१२ लैङ्गिक विभेद ३६
२.२.१३ लैङ्गिक सशक्तीकरण ३७
२.२.१५ लैङ्गिकताको भाषा ३८

## अध्याय तिन

## शोधविधि र प्रक्रिया

३.१ अध्ययन विधि/ढाँचा ४०
३.२ तथ्याङ्क सङ्कलनका स्रोत ४०
३.२.१ प्राथमिक स्रोत ४०
३.२.२ द्वितीयक स्रोत ४०
३.३ सामग्री सङ्कलन विधि ४१
३.४ विश्लेषण प्रक्रिया ४१

## अध्याय चार

## चीरहरण उपन्यासमा रहेको लैङ्गिक अवस्था

४.१ लैङ्गिक अवस्था ४४
४.२ लैङ्गिक भूमिका ४६
४.२.१ उत्पादक भूमिका ४७
४.२.२ पुनरुत्पादक भूमिका ४८
४.२.३ सामुदायिक भूमिका ४९
४.३ लैङ्गिक समस्या ५०
४.३.१ यौनिकता ५१
४.३.२ हिंसा ५३
४.३.३ अधीनता ५५
४.३.४ विभेद ५७

## अध्याय पाँच

## उपन्यासमा रहेको लैङ्गिक चेतना

५.१ लैङ्गिक समानता ६२
५.२ वैचारिक परिवर्तन ६५
५.३ सशक्तीकरण ६६

## अध्याय छ

## उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा

६.१ लिङ्गका आधारमा भाषा ६९

६.१.१ पुरुष पात्रहरूले प्रयोग गरेको भाषा ७१
६.१.२ महिला पात्रहरूले प्रयोग गरेको भाषा ७२
६.२ हिंसाजन्य भाषा ७३
६.३ चेतनशील भाषा ७४
६.४ समानताकेन्द्री भाषा ७५
अध्याय - सात
सारांश, निष्कर्ष र उपयोगिता
७.१ सारांश ७८
७.२ निष्कर्ष ७९
७.३ उपयोगिता ८१
७.३.१ नीतिगत तह ८१
७.३.२ प्रयोगात्मक तह ८२
**सन्दर्भसूची** ८३
**व्यक्तिवृत्त**

# तालिका सूची

पृष्ठ


| | | |
|---|---|---|
| तालिका नं. १ | लिङ्गको आधारमा महिला र पुरुषको विशेषता | २५ |
| तालिका नं. २ | सांस्कृतिक रूपमा पुरुष र महिलासँगको परम्परागत भिन्नता | २७ |
| तालिका नं. ३ | परम्परागत रूपमा समाजमा महिला र पुरुषलाई जनाउन प्रयोग गरिने भाषा | ३९ |
| तालिका नं. ४ | घरपरिवार तथा इष्टमित्रले महिला र पुरुषलाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द | ३९ |
| तालिका नं. ५ | चीरहरण उपन्यासमा रहेका पात्रहरूको लिङ्गका आधारमा वर्गीकरण | ७० |

# सङ्क्षेपीकृत सूची

| सङ्क्षेपीकृत रूप | पूर्ण रूप |
|---|---|
| उपप्रा | उपप्राध्यापक |
| क्र.सं. | क्रम सङ्ख्या |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| डा | डाक्टर |
| नेपा.शि | नेपाली शिक्षा |
| पृ | पृष्ठ |
| प्रा | प्राध्यापक |